दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक १५३ | बुटवल | २०८३ जेठ २० गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday Jun 03, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## भूमि समस्या समाधान समिति गठन

बुटवल । भूमि आयोग खारेज गरेको सरकारले भूमिसम्बन्धी समस्या समाधान गर्न भनेर नयाँ समिति गठन गरेको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले 'भूमि समस्या समाधान समिति' गठन गर्दै पदाधिकारी नियुक्त गर्ने निर्णय गरेको हो । भूमिहीन र सुकुम्वासी समस्या समाधानका नाममा सरकारले गठन गरेको यो २०औँ संयन्त्र हो ।

मन्त्रिपरिषद्को निर्णयअनुसार समितिको अध्यक्ष पदमा कास्कीका बलभद्र बास्तोला नियुक्त भएका छन् । त्यसैगरी, समितिको सदस्यहरूमा काठमाडौंका अमिरप्रसाद न्यौपाने, लमजुङका पद्मनिधि सोती र काठमाडौंकी डा. रोहणा श्रेष्ठलाई नियुक्त गरिएको छ ।

यसअघि सरकारले 'केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश' जारी गर्दै भूमिसम्बन्धी ऐन, २०२१ मा संशोधन गरेर विगतको भूमि आयोग खारेज गरेको थियो । राजपत्रमा प्रकाशित अध्यादेशको खण्ड ७६, अतिरिक्त अङ्क ९ अनुसार, ऐनमा दफा ५२ ग को उपदफा (८) झिकेर त्यसपछि दफा ५२ ग १ थपिएको छ ।

उक्त नयाँ दफामा 'भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउने प्रयोजनका लागि नेपाल सरकारले केन्द्र र जिल्ला तहमा समिति वा कार्यदल गठन गर्न सक्नेछ' भन्ने व्यवस्था गरिएको छ ।

सोही नयाँ कानुनी व्यवस्थाअन्तर्गत रहेर मंगलबार यो समिति गठन गरिएको सम्बन्धित मन्त्रालयका सहप्रवक्ता दामोदर वाग्लेले जानकारी दिए । राजपत्रको व्यवस्थाअनुसार यो नयाँ समितिलाई विगतमा नेपाल सरकारले गठन गरेका विभिन्न आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरूको स्वामित्व, दर्ता श्रेस्ता वा नक्सा प्रमाणितलगायतका विषयमा देखिएका समस्याहरूको समेत समाधान गर्ने अधिकार दिइएको छ ।

यसअघि केपी शर्मा ओली नेतृत्वको सरकारले केन्द्रमा भूमि आयोग र त्यस मातहत रहने गरी प्रत्येक जिल्लामा समेत राजनीतिक नियुक्तिसहितका जिल्ला आयोगहरू गठन गरेको थियो । तर, वर्तमान सरकारले केन्द्रमा समिति बनाए पनि अब जिल्ला स्तरमा भने राजनीतिक नियुक्तियुक्त संयन्त्र नबनाउने भएको छ । मन्त्रालयका अनुसार त्यसको सट्टा अब जिल्ला तहमा प्रमुख जिल्ला अधिकारी (सिडिओ) को नेतृत्वमा रहने नियमित प्रशासनिक संयन्त्रबाटै काम अघि बढाइनेछ ।

**भूमि समस्या समाधान समितिको अध्यक्षमा बास्तोला नियुक्त**

» *बाँकी ३ पेजमा*

## प्रमको अभिव्यक्ति राष्ट्रिय स्वाभिमानमाथिको कुठाराघात : बार एशोसिएसन

बुटवल । प्रधानमन्त्री बालेन्द्र शाहले नेपाल-भारत सीमालाई लिएर संसदमा दिएको विवादित अभिव्यक्तिप्रति नेपाल बार एशोसिएशनले आपत्ति जनाएको छ ।

बारले एक विज्ञप्ति जारी गर्दै प्रधानमन्त्रीको उक्त अभिव्यक्ति गैरजिम्मेवार, हलुका टिप्पणी र राष्ट्रिय स्वाभिमानमाथिको कुठाराघात भनेको छ । प्रधानमन्त्रीको विवादित भनाइले नेपालको स्थापित अडान र अन्तर्राष्ट्रिय मञ्चमा गरिने कूटनीतिक दाबीलाई गम्भीर रूपमा कमजोर बनाएको बारको निष्कर्ष छ ।

महासचिव वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइरालाद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-'नेपालको एक इञ्च भूमि पनि कसैलाई छोड्न सकिँदैन । सीमा विवाद भावनात्मक वा हठात् निर्णयका आधारमा नभई ऐतिहासिक तथ्य, अकाट्य प्रमाण, नाप-नक्सा र सन्धि-सम्झौताका आधारमा दुवै देशका प्राविधिकहरूले टुङ्ग्याउनुपर्ने विषय हो ।'

विज्ञप्तिमा खेती कमाइ वा नदीको धार परिवर्तनका कारण हुने प्राविधिक 'क्रस होल्डिङ' लाई राज्यस्तरबाट हुने रणनीतिक भूमि अतिक्रमणसँग तुलना गर्न नमिल्ने भन्दै प्रधानमन्त्रीको कूटनीतिक ज्ञानमाथि समेत प्रश्न उठाएको छ । आगामी दिनमा सरकारलाई राष्ट्रिय हित र भौगोलिक अखण्डताका विषयमा स्पष्ट र जिम्मेवार ढङ्गले प्रस्तुत हुन बारले ध्यानाकर्षणसमेत गराएको छ ।

**प्रधानमन्त्रीको विवादास्पद अभिव्यक्ति प्रकरण :**

# विपक्षी दलहरूको अवरोधले संसद बैठक २५ गतेसम्म स्थगित

**लुम्बिनी संवाददाता**
*बुटवल*



प्रधानमन्त्री बालेन्द्र शाहको अभिव्यक्ति, संसद नियमावली जबरजस्ती पारितलगायत विषयमा विपक्षी दलहरूले विरोध जनाउँदै निरन्तर नाराबाजी गरेपछि प्रतिनिधिसभा बैठक स्थगित भएको छ । सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभाको अर्को बैठक जेठ २५ गते बस्नेगरी स्थगित गरेको घोषणा गरे ।

दुई घण्टा ढिलोगरी सुरु भएको बैठकमा विपक्षी दलहरू उठेर विरोध गरेका थिए । दिउँसो १ बजे बस्ने भनिएको प्रतिनिधिसभा बैठक ३ बजेमात्रै सुरु भएको थियो । यसपछि सभामुखले विपक्षी दलका केही सांसदहरूलाई आफ्नो धारणा राख्न दिए । उनीहरूले धारणा राखे पनि । विपक्षी दलहरूले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले सीमा विवादबारे दिएको अभिव्यक्तिको तथ्य माग गर्दै आएका छन् । बिना तथ्य बोलेको हो भने माफी माग्नुपर्ने विपक्षी दलहरूको अडान छ । उनीहरूले सोही अडान दोहोऱ्याए ।

यसैबिच सभामुख डोलप्रसाद अर्यालले संसद्को कार्यसूची अघि बढाउन खोजेका थिए । तर विपक्षीहरूले आफ्नो अडान छाडेनन् । त्यसपछि सभामुख अर्यालले बैठक २५ गतेसम्मका लागि स्थगित गरेका हुन् । बैठकमा सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको बेहोरा पढेर सुनाउनेलगायतका कार्यसूची थियो ।

नेपाली कांग्रेसले प्रधानमन्त्री बालेन शाहले आफ्नो अभिव्यक्ति फिर्ता लिनुपर्ने माग दोहोऱ्याएको छ । प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद अभिषेकप्रताप शाहले प्रधानमन्त्रीले माफी नमागेसम्म सदन चल्न नदिने अडान सुनाए । उनले प्रधानमन्त्रीको अभिव्यक्त अत्यन्तै त्रुटिपूर्ण र आपत्तिजनक ठहर भएको जिकिर गरे ।

उनले भने-'प्रधानमन्त्रीले तयारी नगरिकन आफ्नो स्टेटमेन्ट दिनुभएको छ भने त्यो चिन्ताजनक विषय हो, तर सोंचेसम्झेरै यदि उहाँले यो स्टेटमेन्ट आफ्नो दिनुभएको छ भने त्यो खतरनाक संकेत हुन सक्छ । यो राष्ट्रिय सुरक्षा सम्बन्ध, राष्ट्रिय सुरक्षा सम्बन्धमा चाहिँ यो गाँसिएको विषय हो ।'

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले 'नेपालको भारतको भूमि मिचेको' भन्ने प्रधानमन्त्री बालेन शाहको अभिव्यक्तिउपर सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को धारणा माग गरेको छ ।

मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै नेकपाका प्रमुख सचेतक युवराज दुललाले भने- 'नेपालको भारतको भूमि मिचेको प्रधानमन्त्रीको अभिव्यक्तिउपर रास्वपाको धारणा के हो ?'

आइतबार प्रतिनिधिसभाको बैठकमा बोल्दै प्रधानमन्त्री बालेनले नेपाल-भारतको सीमा कूटनीतिक छलफलबाट समाधान गर्ने बताएका थिए । त्यसक्रममा उनले भनेका थिए-'तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला, मैले पनि अस्ति प्रधानमन्त्री भएपछि नै थाहा पाएँ- भारतले नेपालको जग्गा मात्र हैन नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ ।'

यस्तो अभिव्यक्तिउपर नेकपाले सत्तारुढ दल रास्वपाको धारणा माग गरेको हो ।

यस्तै श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले संसदमा प्रधानमन्त्री बालेन शाहको हाजिरी खोजेका छन् ।

प्रतिनिधिसभा नियमावलीको नियम ४ मा सभाको बैठकमा आसन ग्रहण गर्नुअघि प्रत्येक सदस्यले बैठक कक्ष बाहिर रहेको उपकक्षमा राखिएको हाजिरी पुस्तिका वा विद्युतीय उपस्थिति उपकरणमा उपस्थिति जनाउनु पर्ने व्यवस्था छ ।

बैठकमा सदस्यको उपस्थितिसम्बन्धी जानकारी सचिवालयले विद्युतीय माध्यमबाट सार्वजनिक गर्न सक्नेछ । नियमावलीको यही नियम स्मरण गर्दै साम्पाङले प्रधानमन्त्री बालेनको हाजिरी खोजेका हुन् ।

'प्रधानमन्त्री ज्यू यहाँ आउँदाखेरि आजिर गर्नुभएको छ कि छैन ?,' साम्पाङले भने-'यदि उहाँले हाजिर गर्नुभएको छैन भने उहाँ यो प्रतिनिधिसभाको सदस्य नरहेको ठहर हुन्छ ।'

प्रतिनिधिसभा सदस्य नरहेको अवस्थामा प्रधनमन्त्री पद स्वतः रद्द हुने उनको आग्रह छ । साथै, प्रधानमन्त्रीले नेपालले भारतको जमिन कहाँ कहाँ मिचेको छ भनेर जानकारी दिनुपर्ने माग गरे । गल्ति गरेको भए माफी माग्नुपर्ने आग्रह गरे ।

राप्रपाका सांसद खुश्बु ओलीले रास्वपा सांसदहरूलाई प्रधानमन्त्रीको गम्भीर अभिव्यक्तिको बचाउ नगर्न आग्रह गरेकी छन् । 'हिजोसम्म नेपालको एक इन्च पनि भूमि नछोड्ने कुरा गर्नेहरू आज आफ्नै नेताको बचाउ गर्न नेपालले भारतको भूमि मिचेको प्रमाण खोजेर हिँडिरहेको छ,' संसद् बैठकमा उनले भनिन्-'योभन्दा दुःखद केही हुन्छ जस्तो लाग्दैन ।'

सांसद ओलीले गम्भीर विषयलाई टार्ने कुरा नगर्न आग्रह गरिन् । 'प्रधानमन्त्रीज्यूले संसदमा व्यक्त गर्नुभएको अभिव्यक्ति कूटनीतिक, कानुनी र राष्ट्रिय सुरक्षाको दृष्टिले अत्यन्त गम्भीर विषय बनेको छ । प्रधानमन्त्री भनेको व्यक्ति होइन, संस्था हुन्,' उनले भनिन्-'हाम्रो राजकीय सत्ताबाट आएको ज्यादै फितलो भाष्यले राष्ट्रिय संकट उत्पन्न गर्ने जोखिम बढेको छ । यसलाई भइहाल्यो, सामान्य विषय हो भनेर उहाँको आसय अर्कै हो भनेर टार्ने विषय होइन ।'

उता राष्ट्रियसभाको बैठक दोस्रो दिन पनि कार्यसूचीमा प्रवेश गर्न सकेन । प्रधानमन्त्री बालेनले सीमा विवादबारे बोलेको अभिव्यक्तिमा माफी नमागेसम्म सदन चल्न नदिने दलहरूको अडान छ । यही अडान राखेर दलहरूले सोमबारको बैठकमा अवरोध गरेका थिए ।

मंगलबार पनि यही विषय राखेर बैठकलाई कार्यसूचीमा प्रवेश गर्न नदिएका हुन् । कार्यसूचीमा प्रवेश गर्नु अगाडि आकस्मिक समयमा बोल्दै राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले प्रतिनिधिसभामा दिएको सीमा बारेको अभिव्यक्ति राष्ट्रघाती रहेको बताए ।

प्रधानमन्त्रीले आफैँ बोलेको हो वा कसैको सल्लाहमा बोलेको त्यो विषय पनि शंकास्पद रहेको बताए । आइतबार प्रतिनिधिसभाको बैठकमा बोल्दै प्रधानमन्त्री बालेनले भारतले नेपालको जग्गा मात्र हैन नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ भनेका थिए ।

यस्तो अभिव्यक्तिको विरोध गर्दै विपक्षी दलहरूले लगातार दोस्रो दिन पनि राष्ट्रिय सभालाई कार्यसूचीमा प्रवेश गर्न नदिएका हुन् । विपक्षी दलहरूको अवरोधले संसद्को कार्यसूची भने प्रभावित भएको छ ।

बैठकमा अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको बेहोरा जानकारी गराउने विषय थियो । साथै राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल गर्ने कार्यसूची थियो ।

जसअन्तर्गत अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक वर्ष २०८३/०८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची थियो ।

आर्थिक वर्ष २०८३/०८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गर्ने विषय पनि थियो । जसअन्तर्गत अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त वैकल्पिक विकास वित्त परिचालन विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची थियो ।

विपक्षी दलहरूको लगातारको अवरोधपछि सभाध्यक्ष नारायण दाहालले बैठक स्थगित गरे र अर्को बैठक एक दिन पछि डाकेका छन् ।

# के छ कांग्रेसको २८ बुँदे लुम्बिनी संकल्पमा ?

बुटवल । नेपाली कांग्रेसको रुपन्देहीमा सम्पन्न दुई दिने लुम्बिनी प्रदेशस्तरीय परामर्श कार्यशालाले २८ बुँदे लुम्बिनी संकल्प पारित गरेको छ ।

केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा पार्टीको केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहका नेतृत्वबिच भएको संवाद, विषयगत छलफल र विस्तृत अन्तर्क्रियाका आधारमा भेलाले प्रधानमन्त्री बालेन्द्र साहले नेपालले पनि भारतको भूमि मिचेको भनी दिएको अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाएको छ । नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि आँच पुऱ्याउने गरी प्रधानमन्त्रीले जेठ १७ गते संसदको रोष्टममा उभिएर 'हामीले पनि धेरै ठाउँमा भारतको सीमाना मिचेका छौं' भन्ने गैरजिम्मेवार र आपत्तिजनक अभिव्यक्तिप्रति घोर भर्त्सना गरेको छ । साथै राष्ट्रिय हितविपरीतको उक्त विवादास्पद भनाइबारे प्रधानमन्त्री,सरकार र सत्तारुढ दलले अविलम्ब संसद र जनतासमक्ष सार्वजनिक स्पष्टीकरण दिन र माफी माग्न कांग्रेसले जोडदार माग गरेको छ ।

प्रधानमन्त्रीको गैह्रजिम्मेवार भनाइपछि पश्चिम नवलपरासी सुस्ताक्षेत्रको नेपाली भूमिमा तटबन्ध निर्माण कार्यमा भारतीय पक्षको अवरोधप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै भेलाले उक्त भारतीय अवरोधको तुरुन्तै समाधान गर्न नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।

कांग्रेसको भेलाले विश्व शान्तिको मुहान बुद्ध जन्मस्थल लुम्बिनीलाई विश्वका बौद्ध धर्मावलम्बीको प्रमुख गन्तव्यका रूपमा स्थापित गर्न लुम्बिनी गुरुयोजनाका बाँकी कार्यलाई उच्च प्राथमिकताका साथ समयमै सम्पन्न गर्न तीनै तहका सरकारबिच आवश्यक समन्वयको पहल गर्ने संकल्प पारित गरेको छ ।

यस्तै नागरिकमुखी जवाफदेही सरकारको अनुभूति दिन संविधानप्रदत्त नागरिक स्वतन्त्रता, हक र अधिकार संरक्षण गर्दै नागरिकमुखी नीतिमार्फत् उत्तरदायी र जवाफदेही सरकारका रूपमा थप प्रभावकारी ढंगले कार्य गर्ने संकल्प पारित गरेको छ ।

यस्तै विधिको शासनका लागि विधिमा टेकेर मात्र निर्णयहरू गर्ने मान्यतामा दृढ रहँदै, संघीय सरकारलाई संविधानको मर्म र भावना, विधि प्रक्रिया, नागरिकको आत्मसम्मानलाई केन्द्रमा राखेर कार्य गर्न ध्यानाकर्षण गराउने भेलाले संकल्प पारित गरेको छ ।

यस्तै भेलाले अव्यवस्थित बसोवासी एवं भूमिहीन सुकुम्वासी समस्यामुक्त स्थानीय तह बनाउने संकल्प पारित गरेको छ । जसका लागि भूमिहीन दलित र सुकुम्वासीलाई सामाजिक न्याय र समावेशीकरणको सिद्धान्त बमोजिम सुरक्षित स्थानमा सम्मानजनक पुनर्स्थापना गरी सुकुम्वासी मुक्त स्थानीय तह बनाउने, लुम्बिनी प्रदेशभित्र बसोवास गरिरहेका भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीको कानुन बमोजिम समस्या समाधान गर्न कतिपय स्थानीय तहले लगत संकलन, प्रमाणीकरणलगायतका कार्य गरिसकेकोले तत्काल पूर्जा वितरणलगायतका कार्यका लागि पहलकदमी लिने तथा भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्दा सबैभन्दा पहिला नागरिकको आत्मसम्मानलाई ध्यान दिई जोखिम क्षेत्रमा बसोवास गरेका नागरिकको परिवारलाई सुरक्षित स्थानमा पुनर्स्थापना गर्ने कार्यलाई प्राथमिकतामा राख्ने र संघ तथा प्रदेश सरकारसंगको समन्वयमा सुकुम्वासी परिवारको सम्मानजनक व्यवस्थापन गरी सुकुम्वासी समस्यामुक्त स्थानीय तह अभियान सञ्चालन गर्ने संकल्प पारित गरेको छ ।

प्रदेश तथा स्थानीय सरकारका तर्फबाट पनि नागरिकको आत्मसम्मान र प्रक्रियागत शुद्धतालाई केन्द्रमा राखेर सेवा प्रवाह गर्ने, लुम्बिनी प्रदेशमा कांग्रेस नेतृत्वका स्थानीय सरकारहरुले गरेका सफल अभ्यास र नवीन सिर्जनात्मक अभियानहरूलाई एक-अर्काले अवलम्बन गर्ने संकल्प पारित गरेको छ ।

प्रदेशको संरचनात्मक र व्यवस्थापकीय सुधार गरी अनावश्यक संरचना खारेज वा समायोजन गरी खर्च कटौती गर्ने र स्थानीय सरकारसँगको समन्वय र साझेदारीमा प्रभावकारी सेवा विस्तार गर्ने संकल्प पारित गरेको छ ।

यस्तै लाइन होइन अनलाइन- घर-आँगनमा सेवाको नारालाई व्यवहारमा उतार्न जन्म/मृत्यु दर्ता, स्वास्थ्य बिमा दर्ता र नवीकरणलगायतका सेवा अनलाइन वा आँगनबाट र अपाङ्गता भएका व्यक्ति, दीर्घरोग भएका ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरीलगायतलाई आधारभूत स्वास्थ्य जाँच घरआँगनमै गर्ने 'घरदलान सेवा' लाई प्रभावकारी ढङ्गले अगाडि बढाउने संकल्प पारित गरेको छ ।

यस्तै वित्तीय अनुशासनतर्फ सबै स्थानीय सरकारहरुले असार १० भित्र बजेट पेश गर्ने, योजना तर्जुमाका सातै चरण पालना गर्ने र शून्य बेरुजु स्थानीय सरकार निर्माण अभियानको अग्रसरता लिँदै खर्चको मापदण्ड कडाइका साथ पालना गर्ने संकल्प पारित गरेको छ ।

यस्तै निर्दिष्ट योजना र विनियोजित स्रोत सीमाभन्दा बाहिर गई अपारदर्शी वा अनुत्तरदायी रूपमा हचुवाका भरमा हुनसक्ने कुनै पनि निर्णय वा योजना छनौट प्रकृया रोक्न योजना बैंक बनाइ सो मार्फत् मात्र योजना छनोट र कार्यान्वयन गर्ने र अनुत्पादक क्षेत्रमा लगानी नगर्ने नीतिलाई तीन तहको सरकारबिच योजना बैंकमा तादात्म्यता ल्याउन र सो को अनिवार्य पालना गर्न प्रदेश सरकार र संघीय सरकारलाई आग्रह गर्ने संकल्प पारित गरेको छ ।

यस्तै कृषि आधुनिकीकरण तथा रैथाने उत्पादन प्रवर्द्धनअन्तर्गत 'एक स्थानीय तह, एक विशिष्ट कृषि उत्पादन' नीति लिने र किसानका लागि मल, बिउ, सिँचाइको सहज पहुँच र ट्र्याकिङ सिस्टम जडित 'कृषि एम्बुलेन्स' एवं कृषकलाई बजार पहुँचका लागि सहजीकरणको व्यवस्था गर्ने संकल्प पारित गरेको छ ।

लुम्बिनीका रैथाने बाली तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई कर सहुलियत दिने र कृषि उपज संकलन केन्द्र स्थापना गर्ने, विशेषगरी प्रदेशको पहिचान बनाएका धान, गहुँ, मकै तेलहन फलफूल तरकारी तथा कफी जस्ता बालीहरुको पकेट जोन स्तरोन्नति एवं ब्रान्डिङमा जोड दिने संकल्प पारित गरेको छ ।

» *बाँकी ३ पेजमा*




# सम्पादकीय

## किसानमारा बजेट

अर्थमन्त्री स्वर्णिम वाग्लेले १५ जेठमा बजेट सार्वजनिक गरेको बजेटमा कृषि क्षेत्रमा ४६ अर्ब ९२ करोड रुपैयाँ विनियोजन गरेका छन् । कृषि क्षेत्रमा विनियोजन गरेको बजेटबाट साना किसान, समूह र सहकारी वञ्चित हुनु मुलुकको वस्तुगत अवस्थाप्रति बेवास्ता गर्नु हो ।

बजेट वक्तव्यको बुँदा नं. २४(क) मा प्रारम्भिक पुँजी न्यूनतम दुई करोड लगानी गर्ने कृषकलाई सरकारले ४० प्रतिशतसम्म प्रोत्साहन अनुदान दिने घोषणा गर्नु जति आकर्षक छ, साना किसान र समूहप्रति गरेको बेवास्ताले नेपालको कृषि अर्थतन्त्र चौपट हुने जोखिम छ । साना र मध्यम उत्पादन, सहकारी मोडलका साना किसान समूह बजेटबाट वञ्चित हुँदा ग्रामीण कृषि अर्थतन्त्र थला पर्दै जाने जोखिम बढेको छ । नेपालमा बहुसंख्यक किसान सानो लगानीमा कृषिकर्म गरिरहेका छन् । परम्परागत रूपमा खेती तथा पशुपालन गर्ने किसानको संख्या सबैभन्दा धेरै छ । कृषिमा ठूलो लगानी अहिले नै संभव नभएको र त्यो लगानीलाई अनुदान दिनुभन्दा सानो लगानीका समूहलाई दिने अनुदानले ग्रामीण कृषि अर्थतन्त्रलाई चलायमान बनाउन सघाउ गर्दथ्यो । साना किसानलाई मारेर ठूला उद्योगीलाई अनुदान दिने सरकारको घोषणाले नेपालको कृषि क्षेत्रमा विस्तारै साना किसान अलग हुँदै जाने बाध्यता परेको छ । विस्तारै कृषि पेशा उद्यम बनिरहेको र व्यवसायिक बनिरहेकोले कृषिमा लगानी गरी आम्दानी गर्ने बढ्दै जाँदा रित्तिँदै गएका गाउँमा व्यवसायिक कृषिमा लगानी गर्न आकर्षित गर्नका लागि कृषिमा उत्पादनमा आधारित अनुदानलाई बढाउनुपर्दथ्यो । सरकारको तर्क छ,–कृषि अनुदान दुरुपयोग भयो । दुरुपयोग रोक्न उद्योगीलाई दिइएको हो । ठूला उद्योगीले पनि कृषि अनुदानलाई अन्यत्र लगानी गरेका दृष्टान्त छन् । अनुगमन गरी कारबाही गर्न बेवास्ता गर्ने सरकारी रवैयाकै कारण अनुदान दुरुपयोग भएको हो ।

अघिल्लो आव २०८२/८३ मा कृषिमा ५७ अर्ब ४८ करोड रुपैयाँ विनियोजन भएकामा यसपटक अर्थमन्त्री वाग्लेले करिब १० अर्ब घटाएर ४६ अर्ब ९२ करोड रुपैयाँको कृषि बजेट बनाएका छन् । त्यसमध्ये पनि ७० प्रतिशत त रासायनिक मलका लागि नै छुट्याइएको छ । एकातिर कृषिको बजेट घटेको छ, विनियोजित बजेटको दुई तिहाई हिस्सा रासायनिक मल खरिदमा खर्च गर्नुपर्ने बाध्यता छ । बाँकी बजेटबाट ठूला उद्योगीलाई मात्रै पोस्ने नीतिले कृषि अब गरिबी निवारणको माध्यमबाट अलग गराउन खोजिएको हो ? स–सानो लगानीबाट समूह बनाएर उद्यमशिलता विकास गरी गरिबी निवारणका केही नमूना काम भएका छन्, ती कामप्रति सरकारको बेवास्ताले यो सरकार निम्न र निम्न मध्यम वर्गप्रति अनुदार भएको देखिन्छ । सरकारले साना किसानप्रति जुन रवैया देखाएको छ, त्यसले साना किसान क्रमशः कृषि उत्पादनमा नलागि वैदेशिक रोजगारीमा पलायन हुने सम्भावना बढेको छ । सरकार एकातिर विदेश गएकालाई फर्काउने नीति लिएको भन्दैछ, अर्कोतिर साना किसान यहाँ टिक्नै नसक्ने वातावरण बनाउँदैछ । सरकारको दोधारे नीतिको मूल्य मुलुकले चुकाउनुपर्ने विडम्बना सुरु भएको छ ।

# लोककल्याणकारी राज्यको आत्मा कमजोर बनाउँदै छ बजेट ?



टेकराज पौडेल

*समग्रमा यो बजेट न पूर्णरूपमा निराशाजनक छ, न पूर्णरूपमा क्रान्तिकारी । यसमा प्रविधि, ऊर्जा, डिजिटल अर्थतन्त्र र निजी क्षेत्र प्रवर्द्धनका सकारात्मक संकेतहरू छन् । तर सामाजिक सुरक्षाका केही क्षेत्रमा देखिएको संकुचन, विद्युत्मा थपिएको कर, स्वास्थ्य बिमाको दायरा खुम्चिनु तथा वैदेशिक लगानीप्रति पर्याप्त विश्वास निर्माण गर्न नसक्नु जस्ता पक्षहरूले गम्भीर प्रश्नहरू पनि उठाएका छन् ।*

विश्वकै सबैभन्दा शक्तिशाली अर्थतन्त्र भएका मुलुकहरूले समेत गरिबी निवारणलाई केवल बजार र निजी क्षेत्रको भरमा छाडेका छैनन् । अमेरिका, बेलायत वा युरोपका विकसित राष्ट्रहरूमा पनि सामाजिक सुरक्षा, स्वास्थ्य सहायता, बेरोजगारी भत्ता र ज्येष्ठ नागरिक संरक्षणका कार्यक्रमहरू राज्यको महत्वपूर्ण दायित्वका रूपमा कायम छन् । आर्थिक वृद्धि र सामाजिक सुरक्षाबिच सन्तुलन कायम गर्नु आधुनिक लोकतान्त्रिक राज्यको मूल आधार मानिन्छ ।

नेपालले पनि बहुदलीय व्यवस्था स्थापनापछि यही बाटो अवलम्बन गर्दै आएको हो । २०४६ सालताका करिब ४१ प्रतिशत नेपाली गरिबीको रेखामुनि थिए । त्यसपछि देशले दशक लामो सशस्त्र द्वन्द्व, राजनीतिक संक्रमण, विनाशकारी भूकम्प, कोरोना महामारी तथा विभिन्न अन्तर्राष्ट्रिय आर्थिक संकटहरू भोग्यो । यति धेरै प्रतिकूलताका बिच पनि गरिबीको दर झन्डै आधामा झरेर करिब २० प्रतिशतको हाराहारीमा पुगेको छ । यो उपलब्धिको श्रेय केवल आर्थिक वृद्धिलाई मात्र होइन, वृद्धभत्ता, स्वास्थ्य बिमा, अपाङ्गता सहायता, पोषण कार्यक्रम, दलित तथा विपन्न समुदायलाई लक्षित सामाजिक सुरक्षाका योजनाहरूलाई पनि जान्छ ।

यही सन्दर्भमा आर्थिक वर्ष २०८३/८४ को बजेटलाई हेर्दा केही गम्भीर प्रश्नहरू उठ्नु स्वाभाविक छ । सरकारले विद्युत् महसुलमा १३ प्रतिशत भ्याट थप्ने निर्णय गरेको छ । नेपाल विद्युत् उत्पादनमा आत्मनिर्भरतातर्फ उन्मुख भइरहेको, विद्युतीय चुलो, विद्युतीय सवारीसाधन तथा औद्योगिक विद्युतीकरणलाई प्रोत्साहन गर्नुपर्ने अवस्थामा विद्युत् उपभोगमाथि थप कर लगाइनु नीतिगत रूपमा कति उपयुक्त हो भन्ने बहस आवश्यक छ । उत्पादन बढ्दै गएको बेला आन्तरिक खपत विस्तार गर्नु र आयातित पेट्रोलियम पदार्थको निर्भरता घटाउनु राष्ट्रिय हितमा हुने विषय हो । यस्तो अवस्थामा उपभोग प्रोत्साहनको सट्टा अतिरिक्त करको बाटो रोजिनु धेरैलाई अस्वाभाविक लागेको छ ।

स्वास्थ्य क्षेत्रमा पनि चिन्ताको विषय देखिन्छ । विगतमा २८ अर्ब रुपैयाँको हाराहारीमा रहेको स्वास्थ्य बिमाको बजेट घटेर झन्डै आधा भएको छ । निजी अस्पतालहरूमा समेत उपलब्ध हुँदै आएको बिमाको दायरा सीमित गरी सरकारी अस्पतालमा केन्द्रित गर्ने नीति ल्याइएको छ । सरकारी स्वास्थ्य सेवा सुदृढ बनाउनु सकारात्मक कुरा हो, तर नागरिकको रोजाइको दायरा साँघुरो बनाउने र स्वास्थ्य बिमाको प्रभावकारिता कमजोर बनाउने खतरा पनि यसमा देखिन्छ । दीर्घकालमा यो सामाजिक सुरक्षाको अवधारणामाथि नै प्रश्न उठाउने विषय बन्न सक्छ ।

ज्येष्ठ नागरिक भत्ताबारे बजेट भाषणमा 'स्वेच्छाले भत्ता नलिने नागरिकलाई प्रोत्साहित गरिने' भनिएको छ । सतहमा हेर्दा यो नैतिक रूपमा आकर्षक लाग्न सक्छ, तर यसले राज्य सामाजिक सुरक्षाका कार्यक्रमलाई क्रमशः बोझका रूपमा हेर्न थालेको संकेत पनि दिन्छ । लोककल्याणकारी राज्यको मूल्यांकन त्यसले कमजोर नागरिकलाई कति सुरक्षा दिन्छ भन्ने आधारमा हुन्छ, त्यस्ता कार्यक्रमबाट राज्य कसरी पछि हट्छ भन्ने आधारमा होइन ।

अझ रोचक पक्ष के छ भने भ्रष्टाचारविरुद्धको अभियान, युवा नेतृत्व र परिवर्तनको नाराका साथ अत्यधिक जनमत प्राप्त गरेको सत्तारुढ दलबाट धेरै नागरिकले सामाजिक न्यायप्रति अझ बढी प्रतिबद्धता अपेक्षा गरेका थिए । विशेषगरी गरिब, दलित, सुकुम्वासी, ज्येष्ठ नागरिक, श्रमिक र सीमान्तकृत समुदायले नयाँ राजनीतिक शक्तिबाट फरक प्रकारको संवेदनशीलता खोजेका थिए । तर अहिलेका केही नीतिहरूले त्यो अपेक्षा पूरा गर्न सकेका छन् कि छैनन् भन्ने बहस बढ्दो छ ।

छिमेकी भारतका उदाहरणहरू पनि यहाँ सान्दर्भिक छन् । दिल्लीमा आम आदमी पार्टीको सरकारले विद्युत्, खानेपानी र स्वास्थ्य सेवामा व्यापक सहुलियत दिएर निम्न तथा मध्यम वर्गप्रति आफ्नो राजनीतिक प्रतिबद्धता देखाएको थियो । भारतका विभिन्न राज्यहरूमा निःशुल्क वा सहुलियतपूर्ण विद्युत् वितरणलाई सामाजिक न्यायको साधनका रूपमा प्रयोग गरिएको छ । यस्ता उदाहरणहरूको चर्चा भइरहेका बेला नेपालमा भने विद्युत् उपभोगमाथि थप कर लगाइनु फरक दिशातर्फको संकेत जस्तो देखिन्छ ।

यसैबिच अर्को महत्वपूर्ण प्रश्न वैदेशिक लगानी र गैरआवासीय नेपाली लगानीसँग सम्बन्धित छ । बजेटले लगानी आकर्षित गर्ने धेरै कुरा गरेको छ, तर लगानीकर्तालाई ढुक्क बनाउने स्पष्ट र बलियो राजनीतिक सन्देश दिन सकेको देखिँदैन । विदेशी तथा गैर आवासीय नेपाली लगानीकर्ताले कर छुटभन्दा पहिले कानुनी सुरक्षा, नीतिगत स्थिरता र सम्पत्तिको संरक्षण खोज्छन् । नेपालमा लगानी गर्नुस्, राज्य तपाईंको लगानीको सुरक्षा गर्छ, नीतिगत अस्थिरता दोहोरिँदैन भन्ने विश्वास दिलाउने अवसर बजेटले पर्याप्त रूपमा उपयोग गर्न सकेन । आर्थिक वृद्धि केवल कर बढाएर वा बजेटको आकार ठूलो बनाएर प्राप्त हुँदैन; लगानीकर्ताको विश्वास निर्माण गरेर प्राप्त हुन्छ ।

नेपालको संविधानले राज्यलाई 'समाजवादउन्मुख' मार्गमा अघि बढ्ने स्पष्ट दिशा दिएको छ । यसको अर्थ निजी क्षेत्रको विरोध गर्नु होइन, बरु आर्थिक वृद्धि र सामाजिक न्यायबिच सन्तुलन कायम गर्नु हो । उद्योग, व्यापार, बैंकिङ र लगानीलाई प्रोत्साहन गर्नु आवश्यक छ । तर त्यही समयमा वृद्ध, अपाङ्गता भएका व्यक्ति, दलित, गरिब, सुकुम्वासी र दुर्गम क्षेत्रका नागरिकको सामाजिक सुरक्षालाई कमजोर बनाउने छुट राज्यलाई छैन ।

समग्रमा यो बजेट न पूर्णरूपमा निराशाजनक छ, न पूर्णरूपमा क्रान्तिकारी । यसमा प्रविधि, ऊर्जा, डिजिटल अर्थतन्त्र र निजी क्षेत्र प्रवर्द्धनका सकारात्मक संकेतहरू छन् । तर सामाजिक सुरक्षाका केही क्षेत्रमा देखिएको संकुचन, विद्युत्मा थपिएको कर, स्वास्थ्य बिमाको दायरा खुम्चिनु तथा वैदेशिक लगानीप्रति पर्याप्त विश्वास निर्माण गर्न नसक्नु जस्ता पक्षहरूले गम्भीर प्रश्नहरू पनि उठाएका छन् ।

गरिबी केवल आर्थिक वृद्धिदरले घट्दैन, राज्यले कमजोर नागरिकप्रति निर्वाह गर्ने उत्तरदायित्वले पनि घट्छ । समृद्ध नेपालको सपना उद्योगी, व्यवसायी र लगानीकर्ताको मात्र होइन; वृद्ध, श्रमिक, दलित, किसान, सुकुम्वासी र सीमान्तकृत समुदायको पनि सपना हो । यदि आर्थिक वृद्धि र सामाजिक न्यायबिचको सन्तुलन बिग्रियो भने संविधानले परिकल्पना गरेको समाजवादउन्मुख राज्य व्यवस्था केवल दस्ताबेजमा सीमित रहने खतरा रहन्छ ।

# नेप्से परिसूचक २२ दशमलव २१ अङ्कले बढ्यो



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार भने उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक २२.२१ अङ्कले उकालो लागेर दुई हजार ७७७.५८ मा पुगेको छ ।

यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.७८ अङ्कले उकालो लागेर ४७३.५१ मा पुगेको छ । कुल ३४६ कम्पनीको एक करोड १३ लाख ८५ हजार १०० कित्ता शेयर रु पाँच अर्ब २६ करोड ५२ लाख ७५ हजार २९९ मूल्यमा खरिद बिक्री भएको छ ।

कारोबारका आधारमा आँखुखोला जलविद्युत् कम्पनी शीर्षस्थानमा छ । नेपाल पुनर्बिमा कम्पनी, रिडी पावर कम्पनी, सेन्ट्रल फाइनान्स र हिमालयन रिइन्स्योरेन्स शीर्षस्थानमा रहेका छन् ।

यस्तै, कालिञ्चोक हाइड्रोपावर, सेन्ट्रल फाइनान्स, क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स, नेपाल पुनर्बिमा कम्पनी र गुर्खाज फाइनान्सका लगानीकर्ताले कमाएका छन् । यस्तै, नबिल डिवेञ्चर, बुङ्गल हाइड्रोपावर, झापा इनर्जी, आत्मनिर्भर लघुवित्त र बोटलर्स नेपाल बालाजुका लगानीकर्ताले भने गुमाएका छन् ।

# मानसिक स्वास्थ्य समस्याः के हो र के होइन ?

माधव भुसाल



१) मानसिक स्वास्थ्य समस्या कसलाई हुन्छ ? जोसुकैलाई हुन्छ ?

जोसुकैलाई हुन सक्छ । महिला र पुरुषलाई बराबरी । धनी, गरिब, पढेलेखेको, जानेको नजानेको सबैलाई बराबरी । धेरैजसो समस्या सुरु हुने उमेर १४ देखि २४ वर्ष हो । एकै कारणले नभई धेरै कारणहरूको मिश्रणबाट समस्या आउने हुन्छ । प्रमुख कारणहरूमा बायोलोजिकल, जेनेटिक कारण, जीवनका कठिन घटनाहरू, लागू पदार्थहरूको दुर्व्यसन आदि पर्दछन् ।

२) मानसिक स्वास्थ्य समस्या भएको कसरी थाहा पाउने ?

दुई हप्ताभन्दा बढी समयदेखि सोंचाइ, व्यवहार र मुडमा उल्लेख्य परिवर्तन देखिएमा मानसिक स्वास्थ्य समस्या भएको हुन सक्छ ।

सोंचाइ – दोधार, अत्यधिक डर र चिन्ता, नभएका कुराहरू देख्ने र सुन्ने, अस्वाभाविक विचार र विश्वास आउने ।

भावना र मुड परिवर्तन – लगातार दुःखी भइरहने, निराश हुने, इच्छा-चाहना हराउने, मुड स्विङ भइरहने, रिसाउने, सानो कुरामा झर्किने ।

व्यवहार – एक्लै बस्ने, कसैसँग खुलेर कुरा नगर्ने, पढाइ वा कामकाज आदिमा देखिने गरी समस्या आउने, बोलीचालीको ढाँचा, हिँडाइ, स्फूर्ति, पहिरन आदिमा देखिने गरी परिवर्तन आउने ।

आत्महत्याको विचार आएको वा तयारी गरेको थाहा पाउनेबित्तिकै कडा निगरानीमा राखेर उपचार गर्नुपर्छ ।

३) मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिलाई आफूलाई समस्या भएको थाहा हुन्छ ?

एकथरी समस्याहरूमा पीडा वा असहजता थाहा हुन्छ, महसुस हुन्छ । जस्तैः एन्जाइटी, पिटीएसडी (PTSD), डिप्रेसन, ओसिडी (OCD), प्यानिक अट्याक आदि, जसलाई 'न्यूरोटिक' भनिन्छ । यसमा समस्या भएका व्यक्तिले प्रत्यक्ष महसुस गर्छन् र समाधानका उपायहरू खोजी गर्दछन् । अर्कोथरी समस्याहरूमा बिरामी आफूलाई थाहा हुँदैन, तर समस्या अरूले थाहा पाउँछन् । जस्तैः साइकोसिस, बिपिएडी (BPAD), जसलाई 'साइकोटिक' भनिन्छ । यी समस्या भएका बिरामीले आफूलाई थाहा भएर वा ढाँटेर त्यस्तो गरेका हुँदैनन् । ह्यालुसिनेसन र डिलुजन बिरामीका लागि शतप्रतिशत सत्य हुन्छन् ।

४) मानसिक स्वास्थ्य समस्यामा काउन्सिलिङले राम्रो गर्छ, औषधि खाइहाल्नु राम्रो होइन, के यो सत्य हो ?

मानसिक स्वास्थ्य समस्याको उपचारका लागि औषधि र काउन्सिलिङ उत्कृष्ट छन् । कुन ठीकभन्दा पनि कुन समस्याका लागि के भन्ने महत्वपूर्ण छ । कुनै समस्याका लागि काउन्सिलिङले राम्रो गर्छ, कुनैमा गर्दैन । जटिल मानसिक समस्यामा औषधिको भूमिका अतुलनीय हुन्छ । अधिकांश अध्ययनहरूले काउन्सिलिङ र औषधिको कम्बिनेसनको राम्रो नतिजा देखाएका छन् । काउन्सिलिङ र साइकोथेरापीले राम्रो काम गर्छन् किनकि तिनले समस्याको कारणसम्म पुगेर त्यसलाई ठीक पार्न मेहनत गर्छन् र भविष्यमा आउने समस्यासँग जुध्ने सीप सिकाउँछन्, अभ्यास गराउँछन् । मध्यम खालका एन्जाइटी, पिटीएसडी, डिप्रेसन, ओसिडी, प्यानिक अट्याक आदिमा यी बढी लाभदायक हुन्छन् ।

औषधिले ब्रेनको रसायनलाई फरक पारेर समस्याको सुधारका लागि काम गर्दछन् । सबै साइकोटिक र कडा खालका न्युरोटिक समस्याको औषधिबाट उपचार अनिवार्य आवश्यक हुन्छ । कुन समस्या छ र के गर्ने भन्ने निर्णय बिरामी र आफन्तहरूले विज्ञको सल्लाहमा लिनु राम्रो हुन्छ । त्यसका लागि सबैभन्दा पहिले समस्याको सही पहिचान महत्त्वपूर्ण छ ।

५) मानसिक स्वास्थ्य समस्याको पहिचान कसरी हुन्छ ?

विज्ञले मुख्यतया बिरामी तथा बिरामीको नजिकको व्यक्तिसँगको कुराकानी (हिस्ट्री) बाट समस्या पहिचान गर्छन् । सोंचाइहरू कस्ता छन्, मन कस्तो छ (खुसी, खिन्न, दुःखी आदि) अनि व्यवहार, काम, खानपान, निद्रा, रुटिन, अरूसँगको सम्बन्ध आदिको बारेमा सोधपुछबाट समस्या पहिचान हुन्छ । अरू शारीरिक समस्याले त्यस्तो भएको छैन भनी निक्यौंल गर्न आधारभूत टेस्टहरू पनि आवश्यक हुन्छन् । कुनै-कुनै अवस्थामा सिटी स्क्यान वा एमआरआईबाट ब्रेनमा कुनै परिवर्तन वा 'मास' छ कि भनी हेर्नुपर्ने हुन्छ । मूलतः समस्याको पहिचान बिरामी तथा परिवारका सदस्यहरूसँगको कुराकानीबाटै गरिन्छ ।

६) मानसिक स्वास्थ्य समस्या भएका बिरामीलाई झारफुक, धामी, झाँक्री, हेराउने-देखाउने गर्छन्, त्यसले फाइदा गर्छ ? किन त्यसो गर्छन् मानिसहरू ?

मानसिक स्वास्थ्य समस्या भएकाको संगत गर्ने परिवारका सदस्य, छिमेकी आदिलाई व्यवहार सामान्य लाग्दैन । देवी-देउता, भूत-प्रेत वा अदृश्य शक्तिले त्यस्तो भएको लाग्नु अस्वाभाविक होइन । देखाउने, हेराउने, फुकाउने आदि गर्नाले समस्या समाधानमा काम गर्छ कि गर्दैन भन्ने प्रश्नमा त्यसको कुनै भरपर्दो आधार छैन । उपचारमा ढिला हुने, अनावश्यक खर्च बढ्ने र रोग झन् कडा वा जटिल हुने जोखिम चाहिँ रहन्छ ।

७) आफूलाई मानसिक समस्या भएको कुरा बिरामी तथा परिवारका सदस्यले स्वीकार गर्न र खुलेर सहयोग लिन किन अप्ठ्यारो मान्छन् ?

पागल भयो भन्ने दाग (Stigma) बाट बच्न । समुदाय, काम गर्ने ठाउँ आदिबाट अपहेलित हुने डर र तिरस्कृत हुने त्रास ।

जागिरबाट निकालिने वा बहिष्करणमा परिने त्रास ।

भावनात्मक रूपमा अरूले कमजोर ठान्लान्, इज्जत जाला भन्ने डर ।

मलाई ठुलो समस्या होइन, सामान्य रूपमा तनाव मात्र हो भनेर आफूले आफैँलाई स्वीकार गर्न मन नलाग्ने ।

अपरिचित व्यक्तिसँग समस्या भन्न असहज महसुस गर्ने, अति व्यक्तिगत कुरा भन्न धक लाग्ने । साइकोटिक समस्याहरूमा आफूलाई समस्या भएको लाग्दै नलाग्ने ।

मानसिक स्वास्थ्य समस्या भएको स्वीकार गर्न नसक्दा वा खुलेर सहयोग लिन नसक्दा उचित उपचारमा जान ढिला हुने, दुर्घटनाको जोखिम रहिरहने, बिरामी र परिवारका सदस्य प्रताडित भइरहने र रोग झनै कडा हुने हुन्छ ।

स्वास्थ्य खबरबाट

# दूध तथा दुग्धजन्य उत्पादन : व्यवसायिक इमान्दारिता र असल अभ्यासमा जोड



बुटवल । दूध तथा दुग्ध पदार्थको स्वच्छता र गुणस्तर सुनिश्चित गर्न सरोकारवालाहरूले विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याएका छन् । उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित दूध, दही, घ्यू, पनिरलगायत दुग्धजन्य पदार्थ उत्पादनदेखि वितरणसम्मका सबै चरणमा स्वच्छता कायम गरिनुपर्नेमा जोड दिइएको हो ।

बुटवल उद्योग वाणिज्य रुपन्देहीअन्तरगत गठिन डेरी बस्तुगत समितिले विश्व दूध दिवसको अवसरमा मंगलबार संघमा आयोजना गरेको दूध तथा दुग्ध पदार्थको स्वच्छता गुणस्तरसम्बन्धी अन्तरक्रिया गोष्ठीमा बोल्ने वक्ताहरुले जनस्वास्थ्यका दृष्टि र देशको समृद्धिका हिसाबले पनि दूध तथा दुग्ध पदार्थको व्यवसायिक कृयाकलापमा असल अभ्यास आवश्यक रहेको भनाइ राखेका हुन् । सन् २००१ देखि हरेक वर्ष जुन १ मा विश्व दूध दिवस मनाउँदै आइएको छ ।

कार्यक्रममा बोल्दै संघका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य हरिप्रसाद अर्यालले दूधको उत्पादन गर्ने किसानदेखि उपभोक्तासम्म आइपुग्दा उत्पादन, भण्डारण, ढुवानी तथा प्रशोधनसम्मका क्रियाकपालमा निर्धारित मापदण्ड पूरा हुनुपर्ने बताए । उनले व्यवसायिक इमान्दारिता र असल अभ्यासमा जोड दिँदै किसानको उत्पादन मूल्य र उपभोक्ता मूल्यबिच रहेको घटाउन र उत्पादन लागतअनुसारको मूल्य किसानले पाउनु पर्ने तथा उपभोक्तालाई पनि न्यूनतम मूल्यमा उपलब्ध कसरी गराउन सकिन्छ त्यसतर्फ ध्यान दिन आवश्यक रहेको भनाइ राखे । 'दूध, दुग्ध पदार्थ र यसको गुणस्तर हाम्रो प्रमुख सरोकारको विषय हो,' अध्यक्ष अर्यालले भने-'यससँग नागरिकको स्वास्थ्य र देशको समृद्धि समेत जोडिएकाले उत्पादन वृद्धि गर्ने र गुणस्तर कायम राख्ने कुरामा हामी सबै जिम्मेवार बनौं ।'

त्यस अवसरमा संघका कृषि परामर्शदाता डा. प्रदिप शर्मा पौडेलले दूध उत्पादनका क्रममा पशुको स्वास्थ्य, गोठको सरसफाइ, दुहुने प्रक्रिया, भण्डारण तथा ढुवानी व्यवस्थापनमा निर्धारित मापदण्ड पुरा गर्न र प्रशोधन उद्योगहरूले खाद्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्दै गुणस्तरीय उत्पादन गर्नुपर्ने बताए ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै लुम्बिनी प्रदेश पशुपंछि तथा मत्स्य विकास निर्देशनालयका वरिष्ठ पशु चिकित्सक लोकराज भुसालले उपभोक्तालाई सुरक्षित र पोषणयुक्त खाद्य सामग्री उपलब्ध गराउन सरकारी निकाय, दुग्ध उद्योग, किसान तथा व्यवसायीबिच समन्वय आवश्यक रहेको बताए । उनले उत्पादन र उपभोगका हिसावले लुम्बिनी प्रदेश राम्रो रहेको बताउँदै अब गुणस्तरमा विशेष ध्यान दिनुपर्ने भनाई राखे । उनका अनुसार भैसीमा नस्ल सुधार र उत्पादन वृद्धि गर्ने हो भने लुम्बिनीको तराईका जिल्लाले राष्ट्रिय आवश्यकता पूरा गर्न सक्ने बताउँदै सरकारले त्यसतर्फ ध्यान दिन सुझाव दिए । त्यसका लागि नस्लसुधार, पशुस्वास्थ्य तथा पशु आहारमा विशेष ध्यान दिनुपर्ने उनको भनाइ छ ।

अर्का कार्यपत्र प्रस्तोता खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवाका प्रमुख वरिष्ठ खाध्य अनुसन्धान अधिकृत अनुप हलवाईले खाद्य स्वच्छता र गणस्तर सम्बन्धि कानुनी प्रावधान, ऐन कानुनका बारेमा जानकारी गराएका थिए । त्यस्तै गरी नेपाल दुग्ध विकास संस्थान लुम्बिनी दुग्ध विकास आयोजनाका प्रमुख कृष्णप्रसाद अर्यालले पछिल्ला वर्षहरूमा खाद्य सुरक्षाप्रति जनचेतना बढ्दै गएकाले उपभोक्ताले पनि गुणस्तरयुक्त तथा प्रमाणित उत्पादन छनोट गर्न थालेको बताए । दूध तथा दुग्ध पदार्थको उत्पादन र बिक्री वितरणमा स्वच्छता र गुणस्तरलाई प्राथमिकता दिँदा उपभोक्ताको विश्वास बढ्नुका साथै दुग्ध क्षेत्रको दिगो विकासमा समेत टेवा पुग्ने उनको विश्वास छ ।

डेरी बस्तुगत समितिका सभापति कृष्णप्रसाद उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा संघका पदाधिकारी, कार्यसमितिका सदस्यहरु, तथा दुग्ध उत्पादन सहकारीका प्रतिनिधि, दुग्धजन्य पदार्थ उत्पादक उद्योगी र व्यवसायीहरुको सहभागिता रहेको थियो । उनीहरुले दुग्ध पदार्थमा हुने सम्भावित जीवाणु, रासायनिक पदार्थ तथा मिसावट नियन्त्रण गर्न नियमित परीक्षण आवश्यक रहेको औंल्याएका छन् । कार्यक्रम उक्त बस्तुगत समितिका उपसभापति जीवलाल न्यौपानेको स्वागत तथा सचिव यमप्रसाद शर्माको सञ्चालनमा भएको थियो ।

# थारू भाषाको विद्यालय सञ्चालन हुने

तुलसीपुर । तुलसीपुर उप-महानगरपालिकामा थारू भाषाको विद्यालय सञ्चालन हुने भएको छ । उप-महानगरपालिकाले वडा नम्बर १५ को दक्षिण कुररियामा थारू भाषाको विद्यालय सञ्चालनका लागि अनुमति प्रदान गरिएको हो ।

दाङ थारू समुदायको बाहुल्यता भएको जिल्ला रहेको भन्दै थारू भाषामा पठनपाठनका लागि विद्यालय सञ्चालनको अनुमति प्रदान गरिएको नगरप्रमुख टीकाराम खड्काले बताए ।

गुठीका रूपमा सञ्चालन गर्न दिनेगरी अनुमति प्रदान गरिएको नगर प्रमुखको भनाइ छ । स्थानीय रोहित चौधरीले तीन वर्षअघि थारू भाषाको विद्यालय सञ्चालनको अनुमतिका लागि उपमहानगरपालिकामा माग गरेका थिए ।

सोही निवेदनमाथि उप-महानगरपालिकाको ४७औँ कार्यपालिका बैठकले निर्णय गरेको हो । अहिलेसम्म जिल्लामा थारू समुदायका लागि गुठीअन्तर्गत छुट्टै विद्यालय सञ्चालनमा छैन । उक्त विद्यालयलाई थारू भाषाबाट पढाउनका लागि उप-महानगरपालिकाले स्वयंसेवक शिक्षक पनि उपलब्ध गराउने नगरप्रमुख खड्काले बताए । सबै थारू समुदायका विद्यार्थी त्यही पढ्न गएमा आवासीयसमेत बनाउन सकिने उनको भनाइ छ । उप-महानगरपालिकाले देशमै यो नयाँ अभ्यास थालेको नगरप्रमुख खड्काले बताए ।

राष्ट्रिय जनगणना २०७८ अनुसार दाङको तुलसीपुरमा २१ प्रतिशत थारू समुदायको बसोबास छ । जहाँ ३८ हजार ३२५ जनसंख्या रहेको छ । तुलसीपुरमा सबैभन्दा बढी क्षेत्रीको ३५ दशमलव ३ प्रतिशत र त्यसपछि थारू समुदायको जनसंख्या छ ।

यसअघि वीरेन्द्र मावि भ्यूडहर सुनपुरमा मगर भाषाको कक्षा सञ्चालनमा थियो । भाषागत कक्षालाई स्थानीय पाठ्यक्रममा समावेश गरेर पनि पढाउन सकिने उप-महानगरपालिकाका शिक्षा शाखा प्रमुख चक्र भण्डारीले जनाए ।

# मध्यपहाडी लोकमार्गको वैकल्पिक 'पाखुट्टे–ढाँड' सडक 'ग्राभेलिङ'

ढोरपाटन । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको वैकल्पिक सडक स्तरोन्नति गरिएको छ । यहाँको निसीखोला गाउँपालिका-४ झिम्पाखोलादेखि वडा नं. ५ ढाँडसम्मको सडक स्तरोन्नति गरिएको हो ।

विसं २०७३ मा ट्र्याक खुलेको उक्त सडक चालु आर्थिक वर्षमा सङ्घीय सरकार र निसीखोला गाउँपालिकाको रु एक/एक करोड गरी रु दुई करोडमा स्तरोन्नति गरिएको हो ।

यस वर्ष चार किलोमिटर ग्राभेल, ढलान, नाली निर्माण, फराकिलो बनाउने र ग्याविन लगाउने काम गरिएको गाउँपालिकाका सूचना अधिकारी डिलाराम बाँठा मगरले जानकारी दिए ।

आगामी असार १५ गतेसम्म काम सक्ने गरी जेएसआर/केटी जेभीसँग विसं २०८२ माघ २७ गते सम्झौता गरिएकामा सोहीअनुसार काम भएको उनले बताए ।

बर्खाको समयमा निसीखोला गाउँपालिका-५ कालापैरामा आउने बाढीले मध्यपहाडी लोकमार्ग अवरुद्ध हुने हुँदा यस वर्ष वैकल्पिक सडकमार्फत् यातायात सञ्चालन गर्न यस खण्डमा ग्राभेल गरिएको बाँठा मगरले बताए ।

उनले भने-"यस वर्ष चार किलोमिटर सडकमा ठूलो लगानी गरे ग्राभेल गरिएको छ, यो सडक व्यवस्थित भएपछि अब बर्खाको समयमा मध्यपहाडी लोकमार्ग अवरुद्ध भए छोटा तथा लामा दूरीका सवारीसाधनलाई समस्या हुने छैन, सङ्घीय सरकार र गाउँपालिकाको बजेटबाट विगतदेखि नै साझेदारीमा काम हुँदै आएको छ ।"

उक्त सडक ढोरपाटन नगरपालिका-२ पाखुट्टेदेखि निसीखोला-५ ढाँडसम्म २५ किलोमिटर लामो छ । यसले निसीखोला गाउँपालिकाको वडा नं २, ४, ५ र ढोरपाटन नगरपालिकाको वडा नं. २ लाई जोडेको छ । दश वर्ष अगाडि साविक निसी, बोहोरागाउँ र देवीस्थान गाविसले दुई/दुई लाख, अर्थ मन्त्रालयबाट रु ४० लाख, डोलीडार संस्थाबाट रु सात लाख, जिल्ला विकास समितिबाट रु आठ लाख सङ्कलन गरी रु ६१ लाखमा ट्र्याक खोलिएको थियो ।

सडक ग्राभेल भएपछि सामान ढुवानी र यात्राका लागि सहज हुने स्थानीय मीनबहादुर घर्ती मगरले बताए । ट्र्याक खुलेको एक दशकसम्म पनि सडक व्यवस्थित नहुँदा यहाँ गाडी गुड्न सकेका छैनन् । अब पश्चिम नेपालबाट राजधानी काठमाडौँ जाने सवारीसाधन यही सडक भएर सञ्चालन गर्न सहज हुने उनको भनाइ छ ।

---

**भूमि...**

नेपालमा भूमि समस्या समाधानका लागि प्रयास भएको यो पहिलो पटक भने होइन । यसअघि हरिप्रसाद रिजालको नेतृत्वमा रहेको आयोगसहित १९ पटकसम्म विभिन्न समिति, आयोग र कार्यदल बनिसकेका छन् ।

बारम्बार आयोग र समितिहरू बने पनि समस्या भने ज्युँका त्युँ छ । तत्कालीन राष्ट्रिय भूमि समस्या समाधान समितिले बैशाख ४ गते सरकारलाई बुझाएको पछिल्लो तथ्याङ्क अनुसार नेपालमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको कुल संख्या १२ लाख ३ हजार ५ सय १९ परिवार पुगेको छ ।

तथ्याङ्क अनुसार सबैभन्दा ठुलो हिस्सा अव्यवस्थित बसोवासीको छ । देशभर कुल ९ लाख २३ हजारभन्दा बढी परिवार अव्यवस्थित बसोवासीका रूपमा रहेका छन् । त्यस्तै, भूमिहीन सुकुमबासीको संख्या १ लाख ७८ हजार ५०४ र तीमध्ये भूमिहीन दलितको स¤्या ९८ हजार ३९० रहेको छ । प्रदेशगत आधारमा लुम्बिनी प्रदेशमा भूमि समस्या सबैभन्दा बढी देखिएको छ । लुम्बिनीमा कुल ३ लाख १७ हजार १९० परिवार सुकुमबासी र अव्यवस्थित बसोबासीका रूपमा सूचीकृत छन् । जसमा २ लाख ५० हजार ७२१ परिवार अव्यवस्थित बसोबासी मात्रै छन् ।

कोशी प्रदेश दोस्रो स्थानमा छ, जहाँ २ लाख ४९ हजार ५४२ परिवारको समस्या समाधान हुन बाँकी छ । सुदूरपश्चिम प्रदेशमा २ लाख ३० हजार ५७३ परिवार यस समस्याबाट प्रभावित छन् । बागमती प्रदेशमा १ लाख ३४ हजार ३८९ र मधेस प्रदेशमा १ लाख २२ हजार ४४८ परिवार भूमि समस्यामा छन् । मधेस प्रदेशमा २३ हजार ४०८ भूमिहीन दलित परिवार रहेको तथ्यांक छ ।

गण्डकी प्रदेशमा ९२ हजार ७२ परिवार सुकुम्वासी र अव्यवस्थित बसोवासीका रूपमा रहेका छन् । देशभरमै सबैभन्दा कम भूमि समस्या कर्णाली प्रदेशमा देखिएको छ, जहाँ कुल ५७ हजार ३०५ परिवार सूचीकृत भएका छन् । कर्णालीमा अव्यवस्थित बसोबासीको संख्या ५२ हजार ५५३ छ ।

संशोधित ऐनले जग्गा वितरणमा केही कडाइ गरेको छ । ऐनले नदी किनार, तालतलैयाको किनार, राष्ट्रिय निकुञ्ज, आरक्ष, वन क्षेत्र, सडकको मापदण्डभित्र वा अन्य जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका भूमिहीन दलित वा सुकुम्वासीलाई त्यहाँ जग्गा नदिई अन्यत्रै बसोबासको व्यवस्था मिलाउनुपर्ने कानुनी बन्देज समेत लगाइएको छ ।

**के छ ....**

यस्तै महिलाको परम्परागत सीपलाई उद्यमशीलतामा रूपान्तरण गर्न उद्यमी आमा कार्यक्रम सञ्चालन गर्ने, रूपन्देही-नवलपरासी औद्योगिक करिडोरलाई विशेष आर्थिक क्षेत्रको रूपमा विकास गरी औद्योगिक पुनरुत्थान गर्ने साथै नेपालगञ्ज-कोहलपुर, भैरहवा-बुटवल औद्योगिक करिडोरलाई सुविधा सहित स्तरोन्नति गर्न पहल गर्ने संकल्प पारित गरेको छ ।

यस्तै लुम्बिनी, रामग्राम, देवदह, तिलौराकोट, रुरु (रिडी) जस्ता क्षेत्रलाई जोड्दै 'बुद्ध सर्किट' र धार्मिक पर्यटन पथको विकास गर्ने, बागेश्वरी, ठाकुरबाबा, स्वर्गद्वारी जस्ता पवित्र धार्मिकस्थलहरुको सांस्कृतिक महत्वको प्रचारप्रसार गर्ने र थारु संस्कृति तथा माघि उत्सव, लुम्बिनी महोत्सव, रिडी मेला जस्ता सांस्कृतिक मेला महोत्सवको पर्यटकीय ब्रान्डिङ गर्ने संकल्प पारित गरेको छ ।

यस्तै लुम्बिनी प्रदेशका पहाडी भेगमा साहसिक पर्यटन र खेलकुदका पूर्वाधार निर्माण गरी निजी क्षेत्रलाई आकर्षित गर्ने, प्रदेशको सबैभन्दा होँचो स्थान मर्चवारदेखि सबैभन्दा अग्लो स्थान पुथा हिमाल समेतलाई समेट्नेगरी हाइकिङ, साइक्लिङ, तथा लामोदुरीका ट्रेकिङ जस्ता पर्यटनलाई प्रवर्द्धन गर्न स्थानीय तहहरुबिच समन्वय गरी कार्यान्वयन गर्न पर्या-पर्यटन र घरबास (होमस्टे) प्रवर्द्धनका कार्यक्रमहरुमा विशेष जोड दिँदै तराईसँग नजिक रहेका चुरेहरुलाई 'हिल स्टेशन टुरिज्म हब'का रुपमा बिस्तार गर्ने संकल्प पारित गरेको छ ।

यस्तै नेपाली कांग्रेसको पहलकदमी र नेतृत्वमा आएको स्वास्थ्य बिमा कार्यक्रममा सबै नागरिकलाई आबद्ध गर्न सबैलाई स्वास्थ्य बिमा-विपन्नको साथमा स्थानीय सरकार मान्यताका साथ बिमा प्रभावकारी बनाउन आफ्नो स्थानीय तहमा सचेतना र अग्रसरता लिँदै बिमा ब्रान्डिङ गर्ने संकल्प पारित गरेको छ ।

गर्भावस्थादेखि नै सरकारको साथ रहने गरी कोखदेखि शोकसम्म एकीकृत सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने, विद्यालय नर्स, समुदायमा नर्स, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, म स्वस्थ मेरो समुदाय स्वस्थ अभियान, नागरिकको डिजिटल हेल्थ प्रोफाइल, पोषण, नसर्ने रोग स्क्रिनिङ, मानसिक स्वास्थ्य परामर्श, जनस्वास्थ्य मेला जस्ता असल अवधारणा र अभ्यासलाई थप व्यवस्थित बनाउने र युवा पुस्तामा बढदो लागुपदार्थ सेवनलाई नियन्त्रण गर्ने कार्यक्रमहरु कार्यान्वयन गर्ने तथा प्रदेशमा समस्याका रुपमा रहेको सिकलसेल एनिमियाको निःशुल्क उपचारलाई प्रभावित क्षेत्रका सबै स्थानीय तहसम्मै विस्तार गर्ने व्यवस्था मिलाउने संकल्प पारित गरेको छ ।

यस्तै शिक्षामा आन्तरिक लगानी वृद्धि गर्ने, स्थानीय कला, भाषा, संस्कृति, सभ्यता र विशिष्टता झल्कने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन, स्थानीय उत्पादन, सीप र अनुसन्धानमा आधारित दूरी घटाउने, गति बढाउने सिकाइ केन्द्रित व्यावसायिक तथा प्राविधिक सीपयुक्त गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्ने संकल्प पारित गरेको छ ।

यस्तै लुम्बिनी प्रदेशका औद्योगिक क्षेत्र जोड्ने सडक सञ्जाल र उत्तर-दक्षिण जोड्ने कोरिडोरहरूको स्तरोन्नतिलाई तीव्रता दिने र प्रदेश राजधानीबाट प्रदेशभित्रका सबै जिल्लाहरुलाई प्रत्यक्ष रुपमा प्रदेश राजधानीसँग जोड्ने अभियानलाई मूर्तरुप दिने संकल्प पारित गरेको छ ।

यस्तै लुम्बिनी प्रदेशभित्रका लोपोन्मुख र सीमान्तकृत समुदायको भाषा-संस्कृति र परम्परागत पेशाको संरक्षण गर्ने र विभेदमुक्त समाजका लागि जातीय छुवाछूत, बाल श्रम र लैंगिक हिंसा अन्त्यका लागि सामाजिक रूपान्तरणका विशेष कार्यक्रमहरु सञ्चालन गर्ने, साथै लुम्बिनी प्रदेश विगतमा लामो द्वन्द्वको मारमा परेकोले द्वन्द्व पिडित परिवार, शहिद परिवारलक्षित विशेष कार्यक्रमहरु लागू गर्ने संकल्प भेलाले पारित गरेको छ ।

विदेशबाट फर्किएकाहरूको सीपलाई श्रमदेखि उद्यमसम्म जोड्न जन्मभूमि समुन्नतिः विशेष अभियान चलाउने र विदेशबाट फर्किएकाहरुको विवरण संकलन उनीहरुको श्रम र सीपलाई स्वरोगारितासँग जोड्ने संकल्प भेलाले पारित गरेको छ । तराईमा डुबान र पहाडी क्षेत्रमा बाढी, पहिरो तथा चट्याङ नियन्त्रणका लागि पूर्व सूचना प्रणाली र युवा उद्धारकर्ताको टोलीसहितको विपद् उत्थानशील समुदायको विकास गर्ने, वन्यजन्तुका प्राकृतिक वासस्थान र पर्यावरण संरक्षण गर्दै नीलगाई, हात्ती, बँदेललगायतका कृषि हानिकारक जङ्गली जनावर नियन्त्रण र नियमनको लागि पहल गर्ने तथा निकुञ्ज, मध्यवर्ती क्षेत्र तथा सामुदायिक वन क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न आवश्यक कानुनी र संरचनागत प्रबन्ध गर्न संघीय सरकारलाई आग्रह गर्ने संकल्प भेलाले पारित गरेको छ ।

यस्तै वातावरणमैत्री पूर्वाधार निर्माणलाई प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याउनुका साथै हरित शहर-स्वस्थ शहर विशेष अभियान सञ्चालन गरी पर्यावरण संरक्षण गर्ने संकल्प भेलाले पारित गरेको छ ।

फोहरमैलाको दीगो व्यवस्थापनलाई प्रविधि, उर्जा र प्राङ्गारिक मल उत्पादनका सम्भावनाहरुसँग जोड्ने र उत्पादनशील सबै वन क्षेत्रमा वन सम्वर्धन प्रणालीमा आधारित वैज्ञानिक वन व्यवस्थापन कार्य कार्यान्वयन गरी राजस्व वृद्धि, रोजगारी सिर्जना तथा वनक्षेत्रको नागरिकमुखी संरक्षणमा जोड दिने संकल्प भेलाले पारित गरेको छ । यस्तै संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा काम गर्न बजेट वितरण प्रणालीलाई समानुपातिक, न्यायोचित र स्थानीय आवश्यकतामा आधारित ढङ्गले विनियोजन गर्न प्रदेश र संघीय सरकारलाई आग्रह गर्ने र नेपाली कांग्रेसको नेतृत्व नरहेको स्थानीय तहमा प्रदेश सरकारले विशेष समन्वय गर्ने संकल्प भेलाले पारित गरेको छ ।

यस्तै पार्टी र सरकारबिच नियमित समन्वय संयन्त्र गठन गरी न्यूनतम् पनि नियमित मासिक संवाद गर्ने परिपाटी बसाल्ने, पार्टी संगठनलाई सुदृढ गर्न र क्रियाशील सदस्यहरूको डिजिटल अभिलेख राख्न जरा अभियानलाई तीव्रता दिने संकल्प भेलाले पारित गरेको छ ।

भेलामा संघीय संसदमा प्रतिनिधित्व गर्ने लुम्बिनी प्रदेशका सांसदहरु, लुम्बिनी प्रदेशसभा सदस्यहरू, स्थानीय सरकार प्रमुख, उप-प्रमुख, अध्यक्ष, उपाध्यक्ष तथा पार्टी सभापति गगन थापा, उप-सभापति विश्वप्रकाश शर्मा सहित केन्द्र, प्रदेश, जिल्ला, क्षेत्र एवं स्थानीय तहका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।


**लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि.**
**प्रधान कार्यालयः मनकामना मार्ग काठमाडौं, नेपाल**
**फोन नं.: ०१-५९७००५७, पो.न.नं. २५९७९**

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएको बिमालेखका बिमितले बिमालेख हराएको/नासिएकाले प्रतिलिपि बिमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदावी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो अवधिभित्र दावी दर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपि बिमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराईन्छ ।

**तपशिल**

| क्र. सं. | बिमालेख नं. | बीमितको नाम | फोन नं. | ठेगाना |
|---|---|---|---|---|
| १ | PLI १७१०००७१८६ | अमिर धुनिया | ९८२४४६२४३२ | पाल्हीनन्दन-५, नवलपरासी |

## लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०२/२०

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई सन्धिखर्क न.पा.४ रिठेखोलामा घाटगद्दी गरी राखिएको खोटे सल्ला जातको काठ ६०६.५३ क्यू.फि.जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन वन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री अमलडाँडा सामुदायिक वन उपभोक्ता समूह**
सन्धिखर्क न.पा.४, अर्घाखाँची

**टुगा आस्था विकास बचत तथा ऋण सहकारी संस्था लि.**
**केन्द्रीय कार्यालय : ओमसतिया-१, रूपन्देही**

## ऋण बुझाउन ल्याउने ३५ दिने सूचना ।

**प्रकाशित मिति : २०८३।०२।२०**

यस संस्थाबाट विभिन्न उद्देश्यमा ऋण लिएका तपसीलका ऋणी सदस्यहरुले संस्थासँग गरेको ऋण लेनदेन सम्झौताको कागज बमोजिम पटक पटक ताकेता पत्र पठाउँदा समेत समय भित्र ऋणको सावाँ, व्याज र हर्जाना रकम नबुझाएकोले ३५ दिनभित्र ऋण बुझाउन अन्तिम पटक यो ताकेता सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अटेरी गरी ऋण साँवा सोमा लाग्ने संस्थाको नियमानुसारको व्याज र विलम्ब हर्जाना बुझाउन नल्याएमा संस्थाको विनियम, प्रचलित सहकारी ऐन, प्रचलित सहकारी नियमावली तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम धितो राखेको जायजेथा तथा जमानी बापतको जेथा लिलाम बढबढ गरी तथा धन जमानी र ऋणीको बचत रकम कट्टा गरी असूल उपर गरिने व्यहोरा सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसील**

| क्र.सं | नाम, थर र ठेगाना | नागरिकता नं. जारी जिल्ला र मिति | धितो विवरण |
|---|---|---|---|
| १ | गुम बहादुर थारु<br>ओमसतिया-१, रुपन्देही<br>बाबु : नाथु थारु<br>बाजे : छेदा थारु | ८७७२<br>रुपन्देही<br>२०४५-०१-२२ | जग्गा धनीको नाम : गुम बहादुर थारु<br>साविक पडसरी गा.वि.स. वडा नं. ८। ख<br>कित्ता नं. ९०४ क्षेत्रफल : ०-७-१३-० |
| २ | खिम प्रसाद मल्लाह<br>ओमसतिया-१, रुपन्देही<br>बाबु : रामचन्द्र मल्लाह<br>बाजे : बेचन मल्लाह | १८९३४<br>रुपन्देही<br>२०५८-०३-३१ | जग्गा धनीको नाम : खिम प्रसाद मल्लाह<br>साविक पडसरी गा.वि.स. वडा नं. ८।ख<br>कित्ता नं. १४१७, १४१९ र १५८३ क्षेत्रफल क्रमश : ०-३-०, ०-१-१०।५० र ०-२-१५ |
| ३ | रम्भा देवी पासी<br>सियारी-१, रुपन्देही<br>पति : राजेन्द्र पासी<br>ससुरा : तोखई पासी | ३७-०१-७२-०३५९१<br>रुपन्देही<br>२०७२-०४-२० | जग्गा धनीको नाम : रम्भा देवी पासी<br>साविक चिल्हीया गा.वि.स. वडा नं. १,<br>कित्ता नं. : १४९ क्षेत्रफल : ०-७-४-० |
| ४ | गणेश कुमारी चौधरी<br>ओमसतिया-१, रुपन्देही<br>पति : केशव चौधरी<br>ससुरा : गुम बहादुर थारु | ३७-०१-७३-०२६२९<br>रुपन्देही<br>२०७३-०३-०१ | जग्गा धनीको नाम : गुम बहादुर थारु<br>साविक पडसरी गा.वि.स. वडा नं. ८।ख<br>कित्ता नं. ९०६ क्षेत्रफल : ०-०-१२।५०-० |

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**चरनका लागि भेडा लेकतर्फ लगिँदैः**
म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ स्थित महभिरबाट भेडाबाख्राको बथानलाई चरनका लागि लेकतर्फ लैजाँदै रघुगङ्गा गाउँपालिका-२ का कृषक गोपाल भण्डारी। गर्मी बढेपछि म्याग्दीका पशुपालक किसानहरुले घुम्ती गोठ हिमाल फेदीका लेकाली क्षेत्रमा लैजान थालेका छन्। तस्विरः रासस

# नेपाल एसियन गेम्समा छनोट



बुटवल। नेपाली पुरुष क्रिकेट टोली जापानमा हुने एसियन गेम्सका लागि छनोट भएको छ। एसियन गेम्स छनोटअन्तर्गत मंगलबार भएको समूह ए को खेलमा मलेसियाले चीनलाई पराजित गरेपछि मलेसियासँगै नेपाल पनि छनोट भएको हो।

७ टोली सहभागी छनोट प्रतियोगितालाई दुई समूहमा विभाजन गरिएको छ।

हरेक समूहबाट शीर्ष २ टोली सेमिफाइनल प्रवेश गर्ने प्रावधान छ भने सेमिफाइनल पुग्ने चारवटै टोली एसियन गेम्समा पुग्छन्।

नेपालको समूहमा मलेसिया र चीन मात्र थिए। कतारले नाम फिर्ता लिएपछि नेपाल र मलेसियाले एक-एक खेल जित्ने बित्तिकै शीर्ष २ को टुंगो लागेको हो।

नेपालले आइतबार भएको खेलमा चीनलाई पराजित गरिसकेको थियो।

अब नेपाल र मलेसिया बिहीबार समूहविजेता बन्नका लागि खेल्नेछन्।

नेपाली महिला क्रिकेट टोली भने चीनसँग नै पराजित भएर छनोट हुन असफल भएको थियो।

# सुरक्षा संयन्त्रबारे अध्ययन समितिको कार्यअवधि थप

बुटवल। सरकारले जेनजी आन्दोलनबारे गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेखित सुरक्षा संयन्त्रबारे अध्ययनसमितिको कार्यअवधि थप गरिएको छ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त अध्ययन समितिको कार्यअवधि ४५ दिन थप गर्ने निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए।

'२०८२ साल भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा भएको घटनाको जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेखित सुरक्षा संयन्त्रको हकमा अध्ययन गरी सिफारिस गर्न गठित अध्ययन समितिको कार्यअवधि ४५ दिन थप गर्ने,' मंगलबारको निर्णयमा भनिएको छ।

सुरक्षा संयन्त्रको हकमा अध्ययन गरी सिफारिस गर्न उच्च अदालतका पूर्वन्यायाधीश प्रेमराज कार्कीको संयोजकत्वमा समिति गठन भएको थियो।

२ बैशाखमा बसेको मन्त्रिपरिषद् बैठकले कार्कीको संयोजकत्वमा सशस्त्र प्रहरीका बलका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक सुबोध अधिकारी र नेपाल प्रहरीका पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक टेकप्रसाद राई सदस्य रहेको समिति गठन गरेको थियो।

## नेपाल-चीन संयन्त्र बैठकः

# आयोजनाहरूको निर्माण गति बढाउने सहमति



बुटवल। चिनियाँ आर्थिक सहयोगमा सञ्चालित कार्यक्रम तथा परियोजना कार्यान्वयन कार्यान्वयनको अवस्था समीक्षा गरी सहजीकरण गर्न गठित नेपाल-चीन दुई देशीय संयन्त्रको बैठक काठमाडौंमा भएको छ।

बैठक दुवै पक्षको सहअध्यक्षतामा भएको थियो। बैठकमा नेपालको तर्फबाट परराष्ट्र सचिव अमृतबहादु राई र चीनको तर्फबाट नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङले सहभागी थिए। नेपाली प्रतिनिधिमण्डलमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने मन्त्रालय तथा विभागका कर्मचारी पनि सहभागी थिए।

परराष्ट्र मन्त्रालयका अनुसार बैठकले चिनियाँ सहयोगमा हाल सञ्चालनमा रहेका कार्यक्रम र परियोजनाहरुको सुक्ष्म समीक्षा गरेको छ। प्रगतिबारे दुवै पक्षले सन्तोष व्यक्त गरेका छन्।

'तत्काल ध्यान दिनुपर्ने कार्यक्रम तथा आयोजनाहरुलाई समयमै पूरा गर्नेगरी अघि बढाउन ठोस कदम चाल्ने सहमति भएको छ।'-बैठकपछि परराष्ट्रले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

नेपालमा सञ्चालित चिनियाँ आयोजनाको नियमित समीक्षा गर्न र समस्या देखिएमा तिनको समाधानका लागि प्रक्रिया अघि बढाउन सन् २०१८ मा दुई पक्षीय संयन्त्र गठन भएको थियो। अहिले भएको यो तेस्रो बैठक हो।

# उपभोगमुखी बजेटले रोजगारी सिर्जना हुँदैन : खतिबडा



बुटवल। पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाले उपभोगमुखी बजेटले रोजगारी सिर्जना गर्न नसक्ने बताएका छन्। राजधानीमा आयोजित एक कार्यक्रममा उनले सरकारले ल्याएको बजेट उपभोगमुखी रहेको बताए।

उनले सरकारले आगामी बजेटमा ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको र तर त्यो प्राप्त गर्न कम्तीमा २२ देखि २४ प्रतिशतले आयात बढ्नुपर्ने बताए। जसबाट तरलतामा सन्तुलन ल्याउन सक्ने उनको बुझाइ छ।

उनले सरकारले १०-२० वर्षसम्म करका दर परिवर्तन नगर्ने आश्वासन दिए पनि व्यवहारमा त्यस्तो नदेखिएको बताए।

खतिवडाकाअनुसार उद्यमशीलतालाई प्रोत्साहन गर्ने नै हो भने कर्पोरेट करको दर २५ र २० प्रतिशतलाई किन २० र १५ प्रतिशतमा झारिएन ? उपभोगसँग सम्बन्धित करहरू समायोजन गर्ने तर उत्पादन बढाउने करमा सुधार नगर्ने कस्तो नीति हो ? भन्दै उनले सरकारलाई प्रतिप्रश्न गरे।

उनले व्यक्तिगत आयकरको माथिल्लो सीमा ३९ प्रतिशतबाट २९ प्रतिशतमा झार्नुले फेरि पनि उपभोगमा आधारित आर्थिक वृद्धिलाई नै प्रश्रय दिएको बताए।

पूर्वअर्थमन्त्री खतिवडाले भने-'वित्तीय क्षेत्रमा बढ्दो तरलता हुनुको एउटा प्रमुख कारण के हो भने रेमिट्यान्सबाट आएको पैसा बैंकहरूले राष्ट्र बैंकलाई डलर बुझाएर त्यसको सट्टामा नेपाली मुद्रा आफूसँग जम्मा गरेका छन्। त्यसैले तरलता बढेको हो। यसको केही समस्या त मध्यपूर्वमा भइरहेको युद्धले नै समाधान गरिरहेको छ। त्यो आफैँमा एक प्रकारले सेल्फ-करेक्टिङ प्रक्रिया हुन सक्छ।'

उनले अगाडि भने-'यदि साँच्चिकै रोजगारी-केन्द्रित आर्थिक रुपान्तरण गर्ने हो भने उत्पादनमूलक उद्योग, विशेषगरी साना, मझौला तथा घरेलु उद्योगहरूको स्थापना र विस्तारमा जोड दिनुपर्छ। तर साना तथा मझौला उद्यम (एसएमई) क्षेत्रका बारेमा बजेटमा खासै केही बोलिएको छैन। त्यहाँ पूँजी कसरी परिचालन हुन्छ ? प्रविधि कहाँबाट आउँछ ? उद्यमशीलताको विकास कसरी हुन्छ ? ती उद्योगहरूको बजार संरक्षण कसरी गरिन्छ ?'

साना, मझौला तथा घरेलु उद्योगको विस्तार बिना कृषिबाट औद्योगिक क्षेत्रमा आर्थिक रूपान्तरण असम्भव रहेको खतिवडाले बताए। बजेटले एसएमई क्षेत्रका लागि पूँजी परिचालन, प्रविधि र बजार संरक्षणका बारेमा कुनै ठोस योजना नल्याएको उनको आरोप छ।

खतिवडाले व्यवसायीहरूको आत्मविश्वास जगाउन र लगानीको वातावरण बनाउन करका दरहरूमा रणनीतिक परिवर्तन आवश्यक रहेकोमा जोड दिए।

**आकर्षक डिजाइन तथा छपाई**
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## उच्च अदालत बार बुटवलमा नयाँ नेतृत्व

# अध्यक्षमा माधव, उपाध्यक्षमा ओम





बुटवल। उच्च अदालत बार एशोसिएशन बुटवलमा निर्वाचनबाट नयाँ कार्यसमिति चयन भएको छ। निर्वाचनबाट अध्यक्षमा माधवप्रसाद घिमिरे निर्वाचित भएका छन्। निर्वाचनमा घिमिरे ७७ मत ल्याई विजयी भएका हुन्। उनका प्रतिद्वन्द्वी शर्मलाल पन्थीले ४४ मत प्राप्त गरेका थिए। त्यसैगरी उपाध्यक्षमा ओमप्रसाद पंगेनी ६६ मत प्राप्त गरी विजयी भएका हुन्। उनका प्रतिद्वन्द्वी कमलराज बस्यालले ५४ मत प्राप्त गरेका थिए। सचिवमा लोकप्रसाद खरेल ६९ मत प्राप्त गरी विजयी भएका हुन् भने उनका प्रतिद्वन्द्वी शालिकराम तिवारीले ५२ मत ल्याएका थिए। कोषाध्यक्षमा मीना महत जी.सी. तथा सह-सचिवमा निशाकुमारी खरेल निर्विरोध निर्वाचित भएका छन्।

सदस्यहरूमा बाबुराम न्यौपाने (९९), मुन्नी न्यौपाने (९९), चतुर्भुज पन्थ (१०६), दामोदर घिमिरे (१०९), रामप्रसाद भुसाल (९७), मनोज श्रेष्ठ (१०२), संजिता पौडेल (१०२) तथा कृष्णा रोका (८९) निर्वाचित भएका छन्। ५१ मत प्राप्त गरेका प्रदीप शेरचन पराजित भएका थिए।

यस्तै, पार्षदहरूमा टुकराज पाण्डे, सिर्जना थापा, यमुना गुरुङ, विद्या घिमिरे, विष्णुप्रसाद भट्टराई, प्रकाशकुमार नेपाल, जीवनारायण अधिकारी र उद्धवचन्द्र गौतम निर्विरोध निर्वाचित भएका छन्।

उच्च अदालत बार एशोसिएशनको कार्यसमितिमा विगतदेखि नै कांग्रेस निकट कानुन व्यवसायीहरुको वर्चस्व रहँदै आएकोमा यसअघिका दुई कार्यकाल कांग्रेस निकट र एमाले निकट कानुन व्यवसायीहरु तालमेल गरी निर्वाचनमा गएका थिए।

यस पटक डेमोक्रेटिक लयर्स एशोसिएशन (डीएलए) तथा प्रगतिशील पेशागत कानुन व्यवसायीहरुको संगठन (पीपीएलए) र गणतान्त्रिक प्रगतिशील कानुन व्यवसायीहरुको संगठन (आरपीएलए) समेतका वामपन्थी कानुन व्यवसायीहरुबिच मिलेर निर्वाचनमा जाने सहमति भएको थियो। अध्यक्ष, सचिवसहित पाँच सदस्य डीएलएलाई, उपाध्यक्ष, कोषाध्यक्ष, सह-सचिवसहित तीन सदस्य पीपीएलए, आरपीएलएसहितका वाम दललाई दिने सहमति भएको थियो।

निर्वाचनमा अध्यक्ष र सचिवमा संस्थापन पक्षसँग असहमति राख्ने कांग्रेस निकट कानुन व्यवसायीहरुले विद्रोही उम्मेदवार खडा गरेका थिए। उपाध्यक्षमा भने विद्रोही कांग्रेस निकट कानुन व्यवसायीहरु समेतको समर्थनमा वाम समर्थक कानून व्यवसायीबाट विद्रोही उम्मेदवार खडा भएका थिए। कोषाध्यक्ष, सहसचिव र आठ जना पार्षदहरु भने निर्विरोध निर्वाचित भएका थिए। निर्वाचनमा विद्रोही पक्षका कुनै उम्मेदवार विजय हुन सकेनन्।

सदस्यमा आठ जना आवश्यक रहेकोमा राप्रपा समर्थक प्रदीप शेरचनले समेत उम्मेदवारी दिएपछि सदस्यहरुमा समेत निर्वाचन भएको थियो। निर्वाचनमा प्रदीप शेरचन बाहेकका सबै सदस्य विजयी भएका थिए।

नवनिर्वाचित पदाधिकारी, सदस्य तथा पार्षदहरूलाई कानुन व्यवसायी तथा विभिन्न क्षेत्रका व्यक्तिहरूले बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन्। नयाँ नेतृत्वले उच्च अदालत बार एशोसिएशन बुटवलको संस्थागत विकास, कानुन व्यवसायीहरूको हकहित संरक्षण तथा न्यायिक क्षेत्रको सुदृढीकरणमा प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

# तेस्रोपक्षको संलग्नता भारतद्वारा अस्वीकार



बुटवल। भारतले नेपाल-भारतको द्विपक्षीय विषयमा तेस्रोपक्षको संलग्नता अस्वीकार गरेको छ। प्रधानमन्त्री बालेन्द्र शाहले नेपाल-भारत सीमा विवाद समाधानमा बेलायतको पनि भूमिका हुनसक्ने अभिव्यक्ति प्रतिनिधिसभामा दिएका थिए। उक्त अभिव्यक्तितर्फ लक्षित गर्दै भारतको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैशवालले यस्तो स्वीकार्य नहुने धारणा राखेका छन्।

'सम्बन्धित सबै पक्षले स्पष्ट रूपमा बुझ्नुपर्छ कि भारत र नेपालबीचको द्विपक्षीय विषयमा कुनै तेस्रो पक्षको भूमिका हुँदैन,' उनले मंगलबार विदेश मन्त्रालयमा भएको साप्ताहिक मिडियामा ब्रिफिङमा भने-'सीमासम्बन्धी सबै पक्षहरू समाधान गर्न हामीले द्विपक्षीय संयन्त्रहरू स्थापना गरेका छौं।'

नेपालका प्रधानमन्त्रीले भारत-नेपाल सीमासम्बन्धी गरेका टिप्पणीहरू तथा यस विषयमा नेपालका परराष्ट्र मन्त्रालयले पछि जारी गरेको वक्तव्य आफूहरुले देखेको उनले जानकारी दिए।

'भारत-नेपाल सीमाको करिब ९८ प्रतिशत भाग सीमांकन भइसकेको भए पनि केही खण्डहरू अझै समाधान हुन बाँकी छन्। गण्डक नदीको बहावको दिशा परिवर्तन भएका कारण यस्तो अवस्था उत्पन्न भएको हो।'-प्रवक्ता जैशवालले भने।

उनले यसका अतिरिक्त, सीमांकन भइसकेका सीमा खण्डहरूमा सीमापार कब्जा तथा दजगजामा अतिक्रमण भएका केही घटनाहरू पनि रहेको उनले उल्लेख गरे। 'जसको हाल दुवै पक्षले संयुक्त रूपमा नक्साङ्कन गरिरहेका छन्।'-उनले भने।

प्रधानमन्त्री शाहले संसद्मा प्रश्नोत्तरका क्रममा नेपालले पनि भारतको सीमा मिचेको अभिव्यक्ति पनि दिएका थिए। त्यही अभिव्यक्तिका कारण अहिले संसद्मा विपक्षीहरूले विरोध गरिरहेका छन्। सडकमा पनि प्रधानमन्त्रीको विरोध भइरहेको छ।

नेपाल भारत मामिलाका जानकारहरूले प्रधानमन्त्री शाहको अभिव्यक्तिले नेपालको कूटनीतिक अडान कमजोर हुने भन्दै चिन्ता पनि व्यक्त गरिरहेका छन्। प्रधानमन्त्रीको अभिव्यक्ति सच्याउनुपर्ने संसद्को रेकर्डबाट हटाउनुपर्ने माग भइरहेको छ।

प्रधानमन्त्रीले बोल्ने क्रममा नेपाल-भारत सीमाको विषय तत्कालीन ब्रिटिस सरकारसँग भएको सुगौली सन्धीसम्म जोडिने उल्लेख गर्दै यसमा इंग्ल्याण्डसँग पनि कुरा गर्नुपर्ने हुनसक्ने धारणा राखेका थिए।




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com